annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११८ पृष्ठ ८ | काठमाडौं, सोमबार १० भदौ २०८१ | भाद्र कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४४ | MONDAY, AUGUST 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

### गोरखा गण्डकी गाउँ

# व्यावसायिक तरकारी खेती गर्ने ६१ लाई क्यान्सर, १५ को मिर्गौला फेल

गोरखाको गण्डकी गाउँपालिकामा व्यावसायिक तरकारी खेती गरिन्छ । तर, व्यावसायिक खेती गर्ने ६१ जनामा क्यान्सर रोग देखा परेको छ । १५ जना मिर्गौला रोगबाट पीडित छन् । क्यान्सरका बिरामी एक्कासि बढेपछि गाउँलेहरू चिन्तित छन् । कतै तरकारी खेतीमा प्रयोग हुने विषादीको असुरक्षित र अत्यधिक प्रयोग नै यसको मूल कारण त होइन ? भन्नेमा उनीहरूको आशंका छ । त्यसैकारण, यस विषयमा सरकारले अध्ययन/अनुसन्धान गरी क्यान्सरको रोकथाममा सहयोग गर्नुपर्ने यहाँका बासिन्दाको माग छ ।

समाचार पृष्ठ २

शिव उप्रेती | *गोरखा*

– को रिपोर्ट



## घरेलु उद्योगको प्रबर्द्धनमा लचिलो नीति



**राजेश्वर बहादुर श्रेष्ठ**

इजलास

घरेलु उद्योग नेपाली अर्थतन्त्रको मेरुदण्ड हुनुपर्ने हो। तर, सरकारले साना तथा मझौला उद्योगलाई हेर्ने दृष्टिकोण र व्यवहार सकारात्मक छैन। सरकारको भनाइ र गराईमा भिन्नताका कारण घरेलु उद्योग क्षेत्र ओझेलमा परेको छ।

तीनै तहका सरकारको नीति तथा कार्यक्रममा साना तथा मझौला घरेलु उद्योग पहिलो प्राथमिकतामा परेका छन्। तर, अनेक कानुनी अड्चन तेर्स्याएर फस्टाउनै नदेखिने नीति अख्तियार गरेको जस्तो देखिन्छ। यदि तीनै तहको सरकार वास्तविक रूपमा नै यस्ता साना तथा मझौला खालका घरेलु उद्योग देशमा फस्टाओस् भन्ने चाहना राख्छन् भने सरकारी नीति, योजना तथा कार्यक्रमहरूमा परिवर्तन आवश्यक छ।

विदेश तथा ठूला सहरमा हुने बसाइँसराइलाई केही तहसम्म भए पनि साना उद्योगहरूले नियन्त्रण गर्न सक्छन् भन्ने मान्यता राख्नुपर्छ। सरकारले घरेलु उद्योगको प्रबर्द्धन गर्ने हो भने केही वर्ष विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न सक्षम नभएसम्मका लागि २० प्रतिशत मूल्य बढी भए पनि यस्ता उद्योगका उत्पादन खरिद गर्ने नीति अख्तियार गर्नुपर्छ।

सरकारले यस्ता उद्योगका लागि आवश्यक कच्चा पदार्थ र तयारी वस्तु आयातमा लाग्ने भन्सार महसुलमा ठूलो अन्तर हुनुपर्छ। यस्तै आवश्यक कच्चा पदार्थ आयात गर्न झन्झटिलो नियमलाई सहज बनाउनुपर्छ। एक्जिम कोड नम्बर लिन ३ लाख धरौटी राख्नुपर्ने व्यवस्था संशोधन गर्नुपर्छ। साना उद्योगका लागि १० हजारसम्मको मात्र राखे हुन्छ। यस्तै सरकारले नेपाल गुणस्तर चिह्न लिने कानुनी व्यवस्थालाई सहज र सरल बनाएर साना उद्योगमैत्री हुनुपर्छ। हालका प्रावधान धैरेजसो घरेलु उद्योगले पूरा गर्न सक्ने अवस्था छैन। कर प्रणालीमा पनि ठूला उद्योग र साना उद्योगलाई हेर्ने दृष्टिकोण फरक हुनुपर्छ।

*(श्रेष्ठ नेपाल घरेलु तथा साना उद्योग महासंघ धनकुटा शाखाका अध्यक्ष हुन् ।)*

# दोरम्बा पहिरोमा ६ को मृत्यु, ४ बेपत्ता

**सन्तोष ढुंगेल** | *रामेछाप*

जिल्लाको उत्तरी क्षेत्रमा पर्ने दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरस्थित लेकखर्कमा पहिरोमा परेर ६ जनाको ज्यान गएको छ। शनिबार रातिको अविरल वर्षासँगै बस्तीभन्दा ५ सय मिटरमाथिबाट आएको पहिरोले ३ वटा घर बगाएको थियो। त्यसमा परी ६ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। पहिरोले गाउँ बगाएको खबर प्राप्त हुनासाथ उद्धार टोली घटनास्थलतर्फ पठाइएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी नायव उपरीक्षक प्रदीपकुमार सिंहले जानकारी दिए।

आइतबार बिहान अन्दाजी ३ बजेर ४५ मिनेटको समयमा आएको पहिरोले पुरिएको अवस्थामा घटनास्थलबाट ६ वटा शव निकालिएको रामेछाप प्रहरीले जनाएको छ। चण्डिका श्रेष्ठ, १८ महिने बालक आमुस श्रेष्ठ, उर्मिला पहरी, सन्दीप पहरी, विज्ञान पहरी, सन्तोष पहरीको शव पहिरोबाट निकालिएको छ।

पहिरोले घरहरू बगाएर गाउँबाट करिब ७ सय मिटर तल अँधेरी खोलामा पुर्‍याएको छ। खोलामा



आएको भीषण बाढीले घरभित्र रहेका मानिस बगाएको हुन सक्ने अनुमानका आधारमा खोजी कार्य अगाडि बढाइएको स्थानीयले जानकारी दिए। पहिरो गएको सूचना पाउनासाथ उद्धारका लागि आइतबार बिहानै प्रमुख जिल्ला अधिकारी अनिता निरौलाको नेतृत्वमा थप टोली घटना स्थलतर्फ गएको थियो।

प्रजिअसँगै उद्धारका लागि घटनास्थलमा पुगेका स्थानीय र सुरक्षाकर्मीले अथक प्रयास गरेर घाइतेको उद्धार र मृतकको शव निकालेका थिए। अविरल वर्षाका कारण ६ जनाको मात्र शव निकालिएको र अझै चार जना बेपत्ता रहेकाले खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। पहिरोमा फड्की पहरी, काले पहरी, झ्याउकिरी पहरी, बिन्दा पहरी बेपत्ता छन्।

घाइते अवस्थामा अञ्जना पहरीको उद्धार गरिएको छ। उनको कम्मरभन्दा मुनिको भाग नचल्ने भएकाले उपचारको लागि दोरम्बा स्वास्थ्य चौकीबाट चिकित्सक बोलाइएको थियो।

नेपाली सेना, प्रहरी, स्थानीय उद्धार र खोजी कार्यमा जुटिरहेका छन्। पहिरोले ४ वटा घर र दोरम्बा गाउँपालिका २ र ३ को बीचमा रहेको पक्की पुल पनि बगाएको छ। पहिरो गएपछि त्रासले टोकरपुरवासी रातभर जागै बसेका थिए। पहिरोबाट वडा नम्बर १,२ र ३ का बासिन्दा प्रभावित छन्। स्थानीय बासिन्दामा त्रास कायमै छ भने सिंगो गाउँ शोकमा डुबेको छ। बाढीले रामेछाप र दोलखाको सिमानामा रहेको मिल्ती खोलाको पुलमा समेत क्षति पुर्‍याएको छ। केही दिनअघि मात्र पनि रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकाको फर्पूमा पहिरोले घर पुरिँदा एकै परिवारका ३ जनाको ज्यान गएको थियो।

» बाँकी पृष्ठ ६

## हिजबुल्लाहको सयौं मिसाइल प्रहारपछि इजरायलमा संकटकाल

**तेल अभिव** (एनएआई) : लेबनानको हिजबुल्लाह समूहले इजरायलमाथि मिसायल आक्रमण गरेको छ। इजरायलको दक्षिणी भूभागमा हिजबुल्लाहले सयौं मिसाइल प्रहार गरेपछि त्यहाँ संकटकाल घोषणा गरिएको छ।

इजरायली सेनाले आफ्नो लडाकु विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले प्रहार गरेका रकेट लञ्चरलाई विफल बनाएको दाबी गरेको छ। 'करिब १०० आईएएफ लडाकु विमानले दक्षिणी लेबनानमा रहेका हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ,' इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केहीमध्य इजरायलतर्फ लक्षित थिए। इजरायली सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल नदाव शोशानीले भने, 'हिजबुल्लाहले उत्तरी इजरायलतर्फ सयौं रकेट र यूएभी प्रहार गरेको छ।'

हिजबुल्लाहबाट भएको यस आक्रमणलाई इजरायलले 'योजनाबद्ध रूपमा गरिएको ठूलो आक्रमण भएको जानकारी दिएको छ। यसैबीच लेबनानसँगको बढ्दो तनावका कारण इजरायलमा ४८ घण्टाका लागि संकटकाल घोषणा गरिएको छ।

### डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता विवाद

# लेखा समिति निष्कर्षविहीन

**सुनिता कार्की** | *काठमाडौं*

डेडिकेटेड तथा ट्रंकलाइन बक्यौताको रकम असुल गर्ने र हालसम्म पनि असुल नगरेकामा विद्युत् प्राधिकरणको नेतृत्वलाई कारबाहीका लागि सिफारिस गर्ने लेखा समितिका सभापति ऋषिकेश पोखरेलको प्रस्तावपछि समितिको आइतबारको बैठकमा चर्काचर्की पर्‍यो। प्राधिकरण नेतृत्वलाई कारबाहीका लागि सिफारिस गर्ने प्रस्तावमा माओवादी केन्द्रका सांसदले आपत्ति जनाए। रास्वपा पनि तयार भएन। त्यसैकारण समिति बैठक अनीर्णित भयो।

सभापति पोखरेलले डेडिकेटेड र ट्रंकलाइनको बक्यौता असुल गर्नेलगायत ६ बुँदा पेस गरेका थिए। तर, माओवादीका अमनलाल मोदी, राजन लेखनाथ दाहालले तीव्र विरोध जनाए।

सभापति पोखरेलले लेखा समितिले नै विद्युत् प्राधिकरणका महाप्रवन्धक कुलमान घिसिङलाई कारबाही गर्दै छ भन्ने हल्ला फिजाइएको भन्दै आपत्ति जनाए। 'कसैलाई पनि कारबाही गर्ने अधिकार समितिलाई छैन,' सभापति पोखरेलले भने, 'तथ्य र सत्यपरक विषयमा आवश्यक ठाउँमा कारबाहीका लागि सिफारिस गर्ने अधिकार समितिलाई छ। तर, लेखासमितिले कारबाही गर्दै छ भन्ने भ्रम सिर्जना गर्ने काम भयो। यो लोकतन्त्र विरोधी चरित्र हो।' डेडिकेटेड र ट्रकलाइनको २१ अर्ब ८८ करोड रुपैयाँ किन नउठाउने भनेर महालेखाले औंल्याएको विषयमा जनतालाई प्रश्न गर्ने अधिकार रहेको सभापति पोखरेलले बताए।



तथ्य र सत्यपरक विषयमा आवश्यक ठाउँमा कारबाहीका लागि सिफारिस गर्ने अधिकार समितिलाई छ । तर, लेखासमितिले कारबाही गर्दै छ भन्ने भ्रम सिर्जना गरियो ।

**ऋषिकेश पोखरेल**
सभापति, लेखा समिति



लेखा समिति भनेको महालेखाले उठाएका विषयवस्तुमाथि छलफल गर्ने निकाय हो । कसैलाई लक्षित गरी दण्ड र कारबाही गर्ने संस्था होइन र रहन सक्दैन ।

**लेखनाथ दाहाल**
सांसद, माओवादी



डेडिकेटेड र ट्रंकलाइनको बक्यौता उठाउनुपर्नेमा दुईमत छैन । कसैलाई कारबाही गर्नु दुर्भाग्यपूर्ण हुन्छ । यस विषयमा कारबाही गर्ने भए नोट अफ डिसेन्ट लेख्छु ।

**अर्जुननरसिंह केसी**
सांसद, कांग्रेस

'हिजो गरिएका कतिपय गलत निर्णयहरू संशोधन हुन सक्छन्। हिजो नउठेका बक्यौता आज उठाउन पाइँदैन भन्ने होइन। अब उठाउनु पर्दैन भन्ने कसैको अधिकार छैन। सार्वभौम संसद् र समितिले फेरि निर्णय गर्न सक्छ,' सभापति पोखरेलले भने ।

०७६ को लेखा समितिको निर्देशन र सिफारिसबमोजिम डेडिकेटेड फिडर र ट्रंकलाइनतर्फको महसुल उठाउन निर्देशन दिने प्रस्ताव सभापति पोखरेलले गरेका थिए। बैठकमा एमाले सांसद योगेश भट्टराईले बक्यौताका सम्बन्धमा अघिल्ला प्रतिवेदनहरू अन्तरविरोधीपूर्ण रहेको बताए। 'राजनीतिक आरोप/प्रत्यारोप गर्न जरुरी छैन,' भट्टराईले भने, 'यो विवाद निस्किएको करिब ९ वर्षमा पटक-पटक एउटै पार्टीका ऊर्जामन्त्री छन्।

जिम्मेवारीको हिसाबले औंला ठड्याउने पर्याप्त आधार छन्। तर, त्यसमा विवाद निकाल्न जरुरी छैन। सबैले 'म, म' गरे हुन्छ।' ०७६ सालमा लेखा समितिले बनाएको मीनेन्द्र रिजालको उपसमितिको सुझावलाई आधार मानेर यो विषय सुल्झाउनुपर्ने उनको भनाइ थियो। उनका अनुसार, महालेखा प्रतिवेदनले उठाएका र बक्यौता भनेका विषयमा मिनाहा गर्नुपर्‍यो, छलफल गर्नुपर्‍यो भने सार्वजनिक लेखा समितिलाई मात्र अधिकार हुन्छ। 'तर, यसको विपरीत लेखा समितिको क्षेत्राधिकार हस्तक्षेप गरेर ०८१ वैशाख २७ गते मन्त्रिपरिषद्को निर्णय भनी एउटै चलानी नम्बरमा २ वटा अलग-अलग विषयमा तत्कालीन मन्त्रिपरिषद्ले निर्देशन दिएको छ,' भट्टराईले भने, 'यो विषयमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र तत्कालीन ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई स्पष्टीकरण सोध्नुपर्छ। तत्कालीन लेखासमितिको निर्देशन किन कार्यान्वयन भएन भनेर प्राधिकरण र विद्युत् नियमन आयोगको प्रमुखलाई पनि सोध्नुपर्छ।'

» बाँकी पृष्ठ ६